“पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार
समृद्ध बन्दीपुर गाउँपालिका निर्माणको मूल आधार”

# बन्दीपुर गाउँपालिकाको आ.व. २०७७/७८ को
# बार्षिक समीक्षा
# तथा
# सार्वजनिक सुनुवाई कार्यक्रम

आयोजक
बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ

२०७८ असोज १७ गते आईतबार

# आ.व. २०७७/०७८ को बार्षिक प्रगति प्रतिवेदन


**प्रस्तुतकर्ताः**

**महेश सुवेदी**

(प्रमुख प्रशासकीय अधिकृत)

# प्रश्तुतिका बिषयहरू

१. गाउँपालिका कार्यालय अन्तर्गतका शाखाहरूको आ.व. २०७७/२०७८ को प्रगति प्रतिवेदन
२. आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम (संक्षेपमा)
३. आ.व. २०७८/०७९ को बजेट (संक्षेपमा)
४. गाउँपालिकाले सम्पादन गरेका महत्वपूर्ण कार्यक्रमहरू र असल अभ्यासहरू

# कृषि शाखा - प्रमुख उपलब्धहरु

१.विभिन्न खाद्यान्न बालीका उन्नत विउ वितरण

- आलुको विउ वितरण (५०% लागत सहभागितामा )
- मकै तथा धानका विउहरु वितरण (५०% लागत सहभागितामा )
- विभिन्न हिउँदे तरकारीका विउहरु अनुदान (१००% अनुदानमा )

२. विज वृद्धि कार्यक्रम

- उन्नत विउ उत्पादनको लागि मकै विउ उत्पादन गर्ने सहकारीलाई अरुण २ जातको मूल (foundation) विउ वितरण

३. फलफुल विरुवा रोपण अभियान अन्तर्गत विरुवा वितरण कार्यक्रम

- पोखरा लोकल जातका सुन्तलाका विरुवा वितरण
- सुनकागती २ जातका कागती विरुवा वितरण
- लोकल जातका जुनारका विरुवा वितरण कार्यक्रम

# कृषि शाखा - प्रमुख उपलब्धहरु

४. कृषि सामग्रीमा अनुदान कार्यक्रम
१

- म्यानुअल Knapsack स्प्रयेर (१६ लि. क्षेमता)किसानहरुमा १००% अनुदानमा वितरण

५. टनेल खेति तथा बेमौसमी तरकारी खेति प्रवर्धन कार्यक्रम

- प्लास्टिक टनेल निर्माण का लागि इच्छुक कृषक हरुमा प्लास्टिक टनेल (SILPAULINE -120 gauze) ६०% अनुदानमा वितरण

६. साना सिंचाई कार्यक्रम

- विभिन्न वडाका नयाँ तथा पुराना (क्षेती ग्रस्त) बाँध कुलो को ३०% लागत सहभागितामा ६ वटा बाँध कुलो निर्माण तथा मर्मत

# कृषि शाखा - प्रमुख उपलब्धहरु

७. कृषि मेसिनरी तथा औजार कार्यक्रम

- गाउँपालिका को नीति अनुसार निर्वाहमुखी कृषि लाइ व्यवसायीकरण तथा आधुनिकीकरण गर्न माग अनुसार हाते ट्रयाक्टर तथा कुटानी पिसानी मिल वितरण (खरिदमा ५०% अनुदान) (जम्मा ६४ जना किसानहरुमा अनुदान वितरण)

८. गाउँपालिकामा रासायनिक मल आपूर्ति सहजता

- अनुदानमा रासायनिक मल निर्देशिका,२०७७ अनुसार विभिन्न वडालाई पायक पर्ने  स्थानमा कृषि सहकारी हरुलाई विक्रेता नियुक्त तथा विक्री मूल्य (६ वटा सहकारी नियुक्ति)
- विक्रेताको निरन्तर अनुगमन

# कृषि शाखा - प्रमुख उपलब्धहरु

९. विभिन्न वडाका कृषि  योजनाहरु

- वडा नं. २ मुकुन्देश्वोरी अर्गानिक फर्म मर्मत सुधार योजना
- वडा नं. ३ सिम्पाखा तरकारी खेति सिंचाई योजना
- वडा नं. ४ ठुलो ढुंगा आमा समूह अदुवा खेति योजना
- वडा नं. ५ मौरी घार तथा प्लास्टिक टनेल वितरण योजना

# कृषि शाखा (कार्यक्रमका झलकहरु २ )

विउ वितरण



विरुवा वितरण



प्लास्टिक टनेल वितरण



# कृषि शाखा : बार्षिक वित्तीय  प्रगति

- गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम प्रगति = ७३.३७% (क)
- परियोजना मार्फत हस्तान्तरण तर्फ= १००% (ग)

# कृषि शाखा - आगामी योजना

- उन्नत विउ तथा विरुवाहरु वितरण(५०% अनुदानमा )
- एक हल गोरु एक थान हलो (१०० % अनुदानमा )
- साना सिंचाई कार्यक्रम (७०% अनुदान)
- पकेट (धान,मकै, र सुन्तला खेति) स्थापना
- कृषि मेसिनरी तथा औजार अनुदान (५०% अनुदानमा )
- किसान कार्ड वितरण कार्यक्रम
- क्लस्टर मा प्याज खेति कार्यक्रम (VCDP)
- भकारो सुधार कार्यक्रम (VCDP)



समाप्त

# पशुपन्छी विकास शाखा - प्रमुख उपलब्धहरु

पशु पन्छीको औषधी खरिद कार्यक्रम

- बन्दिपुर गाउँपालिका सवै वडाहरूमा पशुपन्छीको लागी निशुल्क रूपमा औषधी वितरण कार्यक्रम

साना व्यावसायिक कार्यक्रम बाख्रा (पकेट)

- बन्दिपुर गाउँपालिका अन्तर्गत बन्दिपुर १ का हरियाली कृषक समूहलाइ साना व्यावसायिक कार्यक्रम छनौट भएको हुनाले हरियाली कृषक समूहलाइ ४४ जना बाख्रा पालक कृषकहरूको खोर सुधार तथा बाख्राको लागी प्रजनन् व्याड बोका वितरण तथा बाख्राको लागी डाले घाँस वितरण र औषधी वितरण गरि काम सम्पन्न भयो ।

# शाखा (कार्यक्रमका झलकहरु)

पि.पि.आर भ्याक्सिनेसन



खोर गोठ अनुगमन



डिस्टोकिया उपचार



# शिक्षा युवा तथा खेलकुद शाखा - प्रमुख उपलब्धिहरु

उपलब्धी-१

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ वटा विद्यालयमा सुचना प्रविधि प्रयोगशाला,१ वटा पुस्तकालय र १ वटा वास सहितको शौचालय निर्माण कार्य सम्पन्न।

उपलब्धी-२

- सशर्त कार्यक्रम अन्तर्गत १ वटा शौचालय, १ वटा पुस्तकालय, १ वटा सूचना प्रविधि प्रयोगशाला र १ वटा विज्ञान प्रयोगशाला निर्माण कार्य सम्पन्न।

उपलब्धी-३

- बन्दीपुर गाउँपालिका अन्तर्गतका सवै ३१ वटा विद्यालयमा ईन्टरनेट जडान र स्वास्थ्य सामाग्री खरीदको लागि रकम निकासा।

# शिक्षा युवा तथा खेलकुद शाखा - प्रमुख उपलब्धिहरु

उपलब्धी-४

- शिक्षक दरवन्दी मिलान कार्य सम्पन्न।

उपलब्धी-५

- सम्पुर्ण सामुदायिक विद्यालयमा वालविकास देखी कक्षा ५ सम्म अध्ययनरत १६५३ विद्यार्धीका लागि दिवा खाजा कार्यक्रम सम्पन्न।

उपलब्धी-६

- सामुदायिक विद्यालयमा कक्षा १-१० मा अध्ययनरत २५८३ विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक वितरण।साथै कक्षा १-८ मा अध्ययनरत सम्पुर्ण दलित,छात्रा र सिमान्तकृत गरी जम्मा १३३५ विद्यार्थीलाई छात्रवृत्ती वितरण।

# शिक्षा युवा तथा खेलकुद शाखा - प्रमुख उपलब्धिहरु

उपलब्धी-७

- ९ वटा सामुदायिक विद्यालयमा बालविकास केन्द्र तथा कक्षा १ मा भितेलेखन तथा बसाइ व्यवस्थापन कार्य सम्पन्न।

सशर्त कार्यक्रम तर्फ

- विनियोजित कुल रकम - ११६२८००००
- खर्च भएको कुल रकम - १०४५७४८७२.७
- भौतिक लक्ष्य - १००
- भौतिक प्रगति - ८९.९३

आगामी योजना

- आधारभूत तह (१-८) को स्थानिय पाठ्यक्रम निर्माण गर्ने,
- बन्दिपुर गाउँपालिका शिक्षा  प्रोफाइल निर्माण गर्ने ,
- बन्दिपुर गाउँपालिका गाउँ शिक्षा योजना निर्माण गर्ने,
- ५ दिने प्र.अ व्यवस्थापन तालिम संचालन गरिने,
- १-३ मा अध्यापनरत शिक्षकलाई गणित सिकाइलाई मध्यनजर गरि Post-TPD कार्यक्रम संचालन गरिने,

# शिक्षा शाखा (कार्यक्रमहरु)





# शिक्षा शाखा (कार्यक्रमहरु)





# शिक्षा शाखा (कार्यक्रमहरु)



# शिक्षा शाखा (कार्यक्रमहरु)





# शिक्षा शाखा (कार्यक्रमहरु)





# रोजगार शाखा - प्रमुख उपलब्धहरु

**उपलब्धी १: (२१ वटा योजना मार्फत न्यनुतम रोजगारीको प्रत्याभुती)**

- सुचिकृत १३७ जना विपन्न श्रमिक न्युनतम रोजगीमा सँलग्न भएको
- औषतमा ४९ दिन रोजगारी प्राप्त

**उपलब्धी २: (विभिन्न सिपमूलक तालिम सँचालन तथा सेवा प्रदायकसँग समन्वय)**

- २ महिने मोबाईल मर्मत तालिम सँचालन
- सपिङ ब्याग तथा सेनेटरी प्याड बनाउने तालिम सँचालन
- उदघोषण तथा क्षमता विकास तालिम सँचालन
- विभिन्न कार्यक्रम,निकाय, तालिम प्रदायक सँस्थाले सँचालन गर्ने सिपमूलक तालिमको सुचना प्रवाह
- बजार माग अनुसारको व्यवसायीक तथा सिप विकास तालिमको सिफारिस तथा प्रस्तावना पेश

**उपलब्धी ३:- (बेरोजगारहरुको लगत  सँकलन तथा सुचि प्रकाशन)**

- आ.व २०७७।७८ मा ३५८ जना,आ.व.२०७८।७९ मा १०५ जना बेरोजगारहरुको तथ्याँक सँकलन तथा रोजगार व्यवस्थापन सुचना प्राणालीमा प्रविष्ट

# रोजगार शाखा

साईकल लेन उदघाटन




लखनबारीमा निर्मित बाटो



जुमडाँडा खा.पा. मुहान सँरक्षण



# रोजगार शाखा - आगामी योजना



# आर्थिक प्रशासन शाखाबाट भएका महत्वपूर्ण कामहरु

- विभाज्य कोषमा जम्मा भएको रकम समयसीमा भित्र नै प्रदेश राजश्व खातामा दाखिला
- खर्च भई बाँकी रहेको निकासा रकम सोही आ.व.मा नै फिर्ता
- सरकारी कारोबार निर्देशिका 2076 बमोजिमको 15 वटा खाताहरुको सञ्चालनमा रहेको
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 बमोजिम राजश्व खाताहरुको सञ्चालन गरिएको।
- अग्रिम आयकर कट्टी रकम आन्तरिक राजश्व कार्यालयको वेभसाइटमा User ID र Password को माध्यमवाट प्रविष्ट गरिएको।
- कुनै पनि रकम आम्दानी जनाउनुपूर्व अनलाईन प्रणालीबाट चेकजाँच गरेर मात्र आम्दानी बाँध्ने काम गरिएको।
- चालु पूँजिगत गरि जम्मा खर्च 36,93,47,753.38 (छत्तिस करोड त्रियानब्बे लाख सत्चलिस हजार सात सय त्रिपन्न र पैसा अर्तिस मात्र) खर्च हुँदा 60 प्रतिशत खर्च भएको देखिन्छ।
- जम्मा चालु खर्च रु.22,86,04,300.54 (बाइस करोड छयासी लाख चार हजार तीन सय र पैसा चवन्न मात्र।) खर्च हुँदा 78.88 प्रतिशत प्रगति देखिन्छ।
- जम्मा पूँजिगत खर्च रु. 14,07,43,452.84 (चौध करोड सात लाख त्रिचालिस हजार चार सय बाउन्न र पैसा बयासी मात्र) हुँदा 43.02 प्रतिशत प्रगति देखिन्छ

बन्दिपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

आ.व. 2077/78 को

संघीय सरकारबाट हस्तान्तरिततर्फको वार्षिक प्रतिवेदन

| सि.नं. | विवरण | वार्षिक बजेट | खर्च |
|---|---|---|---|
| 1 | संघीय सरकारबाट हस्तान्तरित चालु | १६९,७०३,000.00 | १३७,७१३,०६७.१३ |
| 2 | संघीय सरकारबाट हस्तान्तरित पूँजिगत | ९१,६४३,७५०.00 | १५,७०९,४४५.०३ |
| 3 | सामाजिक सुरक्षा भत्ता | ७०,९६1,000.00 | ६७,१00,९६२.00 |
| 4 | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ४,७00,000.00 | ४,६९७,८८७.00 |
| 5 | फलफुल तथा तरकारी | ८५0,000.00 | ५९९,९४२.00 |
| | जम्मा | | २२५,८२१,३०३.१६ |

बन्दिपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

आ.व. 2077/78 को

नेपाल सरकार विशेष अनुदानको वार्षिक प्रतिवेदन

| सि.नं. | विवरण | वार्षिक बजेट | निकाशा | खर्च |
|---|---|---|---|---|
| 1 | विष्णु मावि छात्रावास भवन निर्माण | २०,०००,०००.०० | १०,०००,०००.०० | १,९६९,०००.०० |
| 2 | बन्दिपुर शित भण्डार निर्माण | १०,०००,०००.०० | ५,०००,०००.०० | १,६१४,७६८.३३ |
| 3 | बन्दिपुर आधुनिक ल्याण्डफिल्ड निर्माण | १७,५००,०००.०० | ८,७००,०००.०० | - |
| | जम्मा | | २३,७००,०००.०० | ३,५८३,७६८.३३ |

बन्दिपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

आ.व. 2077/78 को

संघीय सरकारबाट हस्तान्तरित समपूरक तर्फको वार्षिक प्रतिवेदन

| सि.नं. | विवरण | वार्षिक बजेट | निकाशा | खर्च |
|---|---|---|---|---|
| | डुम्रे बन्दिपुर सडक कालोपत्रे स्तरउन्नती | १,८००,०००.०० | ९,०००,०००.०० | ४,५००,०००.०० |

बन्दिपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

आ.व. 2077/78 को

प्रदेश सरकारबाट हस्तान्तरिततर्फको वार्षिक प्रतिवेदन

| सि.नं. | विवरण | वार्षिक बजेट | निकाशा | खर्च |
|---|---|---|---|---|
| 1 | शिक्षा विकास निर्देशनालय (विष्णु मा.वि. नमुना वाल विकास कार्यक्रम) | ५००,०००.०० | ४९७,०३०.०० | ४९७,०३०.०० |
| 2 | उद्योग वन तथा वातावरण मन्त्रालय | ३००,०००.०० | १,९३२,२३१.९९ | १,९३२,२३१.९९ |
| 3 | सामाजिक विकास मन्त्रालय (बन्दिपुर अस्पतालको लागि पूँजिगत अनुदान) | ५,०००,०००.०० | - | - |
| 4 | सामाजिक विकास मन्त्रालय( भैरव प्रा.वि. र सिद्धदेवि प्रा.वि.) | ३००,०००.०० | - | - |
| 5 | आन्तरिक मामिला तथा कानुन मन्त्रालय (गण्डकी समाज सभ्य समाज) | ४३,०००.०० | ४३,०००.०० | ४३,०००.०० |
| 6 | सामाजिक विकास मन्त्रालय (कोरोना कोष) | ९९०,०००.०० | - | - |


# आ.वा २०७७/०७८ मा ठेक्का सम्झौता भएका योजनाहरु

| क्र.स | योजनाको नाम | सम्झौता रकम |
|---|---|---|
| १ | चिस्यान भण्डार निर्माण | ६,३१३,४१४.४८ |
| २ | बन्दीपुर झारगाउँ सडक स्तर उन्नति | ३,१३८,२२२.७७ |
| ३ | बिष्णु मावि छात्रावास भवन निर्माण | २२,६४३,३०८.४३ |
| ४ | बन्दीपुर खहरे सेराटार  सडक स्तर उन्नति | ७,७५५,०३३.९८ |
| ५ | रामकोट छिर्कन भन्ज्यांग   सडक स्तर उन्नति | ५,३२४,१३३.४३ |
| ६ | बन्दीपुर धरमपानी  सडक स्तर उन्नति | ४,८२०,०७७.५९ |
| ७ | त्रिभुवन प्रा.विमा तिन कोठे ट्रस भवन निर्माणको निर्माण | १,४३९,१७९.३७ |
| ८ | औधोगिकग्राममा पर्खाल निर्माणको कार्य | २,०९४,५६१.९१ |
| ९ | बन्दीपुर डुम्रे सडक स्तर उन्नति | २५,८४५,३१७.६१ |
| १० | बन्दीपुर अस्पतालमा ट्रस निर्माण | १,९१८,०८२.३५ |
| ११ | जगदीश्वर विद्यालय को निर्माण र नवीकरण | ९७३,४१६.९१ |


# आ.वा २०७७/०७८ मा जेष्ठ नागरिक परिचय पत्र विवरण

| वडा नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ९८ | ८१ | १७९ |
| २ | १०१ | ८८ | १८९ |
| ३ | १३९ | ११२ | २५१ |
| ४ | १२९ | १२५ | २५४ |
| ५ | ३४ | ३० | ६४ |
| ६ | ४७ | ४० | ८७ |
| जम्मा | ५४८ | ४७६ | १०२४ |

# आ.वा २०७७/०७८ मा ठेक्का मार्फत सन्चालन भएका योजनाहरुको भौतिक प्रगति विवरण



# आ.वा २०७७/०७८ मा ठेक्का मार्फत सन्चालन भएका योजनाहरुको आर्थिक प्रगति विवरण



# आ.वा २०७७/०७८ सम्पन्न भएका योजनाहरु

- वडा नं. १ कार्यालय भवन निर्माण
- बन्दीपुर बसपार्क निर्माण योजना
- गोहोरे कल्चोक हुदैँ बाचेगाउ पक्कि सडक नाली निर्माण
- वाड नं. २ स्वास्थ्य चौकी निर्माण
- वाड नं. ५ स्वास्थ्य चौकी निर्माण
- औधोगिकग्राममा पर्खाल निर्माणको कार्य

## आ.वा २०७८/०७९ मा ठेक्का मार्फत सम्झौता भएका योजना

- मुकुन्देश्वोरी पदमार्ग (मिनी ग्रेट वाल )निर्माण योजना
- सम्झौता रकम :३,६९,३४,५३०.१

## आ.वा २०७८/०७९ मा सिलबन्दी दरभाउ आह्वान भएका योजना

- चुदी खोलामा झोलुङ्गे पुलको स्टील पार्ट्स खरिद

# आ. व. २०७७/०७८ मा योजना शाखावाट भएका कार्यहरु

| क्र.स. | वडा नं. | कुल योजना सङ्ख्या | संझौता भएका योजना सङ्ख्या | संझौता हुन वाँकी योजना सङ्ख्या | काम सम्पन्न भएको % | भुक्तानीका लागि सिफारिस | काम सम्पन्न नभएका योजना | भुक्तानी प्र. |
|---|---|---|---|---|---|---|---|---|
| १ | बन्दिपुर १ | ३५ | ३४ | १ | ९७.१ | ३४ | ० | १००% |
| २ | बन्दिपुर २ | ३८ | ३७ | १ | ९७.४ | ३७ | ० | १००% |
| ३ | बन्दिपुर ३ | ४६ | ४४ | २ | ९५.७ | ३९ | ५ | ८९% |
| ४ | बन्दिपुर ४ | २८ | २८ | ० | १००.० | २७ | १ | ९६% |
| ५ | बन्दिपुर ५ | २९ | २८ | १ | ९६.६ | २७ | १ | ९६% |
| ६ | बन्दिपुर ६ | ३८ | ३६ | २ | ९४.७ | ३३ | ३ | ९२% |
| ७ | शिक्षा | ७ | ७ | ० | १००.० | ७ | ० | १००% |
| ८ | सिंचाई | ६ | ६ | ० | १००.० | ६ | ० | १००% |
| | | २२७ | २२० | ७ | ९६.९ | २१० | १० | ९५% |
| | अन्य | गत आ. व. २०७६/०७७ मा क्रमागत भई आ. व. २०७७/०७८ मा भुक्तानी भएका योजनाहरु | | | | | ३ | |

# उपलब्धी

- आ. व. २०७६/०७७ मा निर्माणाधिन ३ वटा योजना आ. व. २०७७/०७८ मा निर्माण सम्पन्न ।
- योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरि निर्णय भएका कुल योजना सङ्ख्या: २२७ वटा (स्था.वि.पू.साझेदारी समेत) ।
- योजना उपभोक्ता समितिसँग सम्झौता भएका योजना सङ्ख्या: २२० वटा (९६.९%)
- उपभोक्ता समितिसँग संझौता भएका कुल योजना मध्ये २१० योजनाको निर्माण सम्पन्न (९५%)
- योजना उपभोक्ता समिति मार्फत कुल रु.५,९९,५५,३०७।– (पाँच करोड उनानसय लाख पचपन्न हजार तिन सय सात) रुपैया अनुदान रकमवाट २१० वटा योजना निर्माण सम्पन्न भएको ।



जनता प्रा.वि. छविसे मार्ग-१



घ्याप्रिङडाँडा मुडाभन्ज्याङ २



राहुटार युवा क्लव भवन-३



सिकेविके क्याम्पस-१



पहरे पानी कुवा-२



कुढार देउरासडक ली
नाहाला खोला-३


चुनपहरा निर्माणाधिन सौचालय-४


शहिद दिपेशमणी स्मृती भवन -५


तिन कन्या देवी मन्दिर-६


चुनेढाड आलेगाउँ शिखरडाडा  वाटो-४


चण्डीदेवी सामुदायोक भवन-५


वहुउद्येश्यिय सामुदायिक भवन-६

## क) सामाजिक सुरक्षा भत्ता कार्यक्रम:

| क्र.सं | लक्षित समुह | लाभग्राही संख्या | भत्ता बितरण संख्या | रकम |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता ( ७० बर्ष माथी अन्य ) | ३१८६ | २६६२ | ४१६७७०२२ |
| २ | जेष्ठ नागरिक भत्ता ( दलित ६० बर्ष माथी ) | ४१६ | ४१६ | ४६९९९०३ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ५९० | ५६४ | ५८७३५०४ |
| ४ | बिधवा भत्ता | ७६९ | ७४९ | ७३५५८९७ |

## क) सामाजिक सुरक्षा भत्ता कार्यक्रम:

| क्र.सं | लक्षित समुह | लाभग्राही संख्या | भत्ता बितरण संख्या | रकम |
|---|---|---|---|---|
| ५ | पूर्ण अपाङ्गता भत्ता (क बर्ग) | १२९ | १२६ | १९८८६०० |
| ६ | अति अशक्त अपाङ्गता भत्ता (ख बर्ग) | ३१८ | २७९ | २१८७३९० |
| ७ | बालबलिका सुरक्षा भत्ता (दलित) | ४८९ | ४१४ | ८३८८१५ |
| जम्मा | | ५८९८ | ५२२५ | ६४७२११३१ |

## ख) पञ्जिकरण (व्यक्तिगत घटना दर्ता प्रतिबेदन)

| वडा नं. | जन्म दर्ता | मृत्यु दर्ता | सम्बन्ध बिच्छेद | बिबाह दर्ता | बसाई सराई | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | आएको दर्ता संख्या | गएको दर्ता संख्या | |
| १ | १२८ | ९३ | ५ | ४७ | २२ | ९ | अनलाईन |
| २ | ११८ | ३७ | ४ | ४९ | ८ | ४ | अनलाईन |
| ३ | ५५ | ३५ | ३ | २५ | २ | ३ | अनलाईन |
| ४ | ७५ | ४७ | ३ | २४ | १२ | ९ | अनलाईन |
| ५ | ९७ | ४१ | ४ | ३२ | ७ | ६ | अनलाईन |
| ६ | ९५ | ७४ | ७ | ३५ | १ | ९ | हस्तलिखित |
| जम्मा | ५६८ | ३२७ | २६ | २१२ | ५२ | ४० | |

## व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित गर्न गा.पाको घटना दर्ता अभिलेख किताबका घटना Digitization संख्या:

| क्र.सं | घटनाको प्रकार | लक्षित संख्या | डिजिटाईज भएको संख्या | घटना दर्ता सुरुको बर्ष |
|---|---|---|---|---|
| १ | जन्म दर्ता | ११५०३ | १५२५१ | २०५२ |
| २ | मृत्यु दर्ता | २३७० | २७३१ | २०४७ |
| ३ | बसाई सराई दर्ता | १३२४ | १५५२ | २०५९ |
| ४ | बिवाह दर्ता | ३६२३ | ५३७३ | २०४७ |
| ५ | सम्बन्ध बिच्छेद दर्ताव | ३४ | ३१ | २०६६ |
| **जम्मा** | | १८,८५४ | २४,९३८ | |

# बन्दिपुर गाउँपालिका न्यायिक सचिवालय

- जम्मा विवाद दर्ता संख्या - २४ वटा
- विवाद समाधान संख्या – १५ वटा
- वडामा सिफारिस गरिएको – ३ वटा
- जिल्ला अदालत सिफारिस गरिएको – ४ वटा
- ई.प्र.का मा सिफारिस गरिएको -१ वटा
- प्रक्रियामा रहेको – १ वटा

# विषय : आ.व ०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन

| क्र. सं | कार्यक्रम | अवस्था | कै |
|---|---|---|---|
| १ | अत्यावश्यक आयुर्वेद औषधी खरिद | सम्पन्न | |
| २ | जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्धक कार्यक्रम | सम्पन्न | |
| ३ | पंचकर्म/ पुर्वकर्म(स्नेहन,स्वेदन) | सम्पन्न | |
| ४ | स्तनपायी आमाको लागि मातृशिशु सुरक्षार्थ कार्यक्रम | सम्पन्न | |
| ५ | नागरिक आरोग्य सेवा क्लिनिक | सम्पन्न | |
| ६ | कार्यालय संचालन,संचार,विधुत,पानी,मसलन्द तथा अन्य विविध | सम्पन्न | |
| ७ | धन्वन्तरी जयन्ती,राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवस | सम्पन्न | |
| ८ | फर्निचर खरिद | नभएको | |
| ९ | स्वास्थ्य संग सम्बन्धित उपकरण खरिद | सम्पन्न | |
| १० | शिरोधारा,पंचकर्म | नभएको | |
| ११ | कर्मचारी तलब भत्ता/ महगी भत्ता/ चाडपर्व खर्च | सम्पन्न | |
| | | | |

# विषय :आ.व ०७७/०७८ को वार्षिक खर्चको अवस्था सम्बन्धमा

| क.सं | कार्यक्रम | वार्षिक बजेट | खर्च | कै |
|---|---|---|---|---|
| १ | अत्यावश्यक आयुर्वेद औषधी खरिद | ४०००००। | २५३३१५। | |
| २ | जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्धक कार्यक्रम | १०००००। | ६९०००। | |
| ३ | पंचकर्म/ पुर्वकर्म(स्नेहन,स्वेदन) | ९५०००। | ५९=३०। | |
| ४ | स्तनपायी आमाको लागि मातृशिशु सुरक्षार्थ कार्यक्रम | =५०००। | ५५२१५। | |
| ५ | नागरिक आरोग्य सेवा क्लिनिक | १०००००। | ५६६५०। | |
| ६ | कार्यालय संचालन,संचार,विधुत,पानी,मसलन्द तथा अन्य विविध | १५=०००। | १३=२४२।२० | |
| ७ | धन्वन्तरी जयन्ती,राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवस | १२०००। | ९०००। | |
| ८ | फर्निचर खरिद | ३००००। | ०००००। | |
| ९ | स्वास्थ्य संग सम्बन्धित उपकरण खरिद | १५०००। | १५०००। | |
| १० | शिरोधारा,पंचकर्म | ५०००। | ००००। | |
| ११ | कर्मचारी तलब भत्ता/ महगी भत्ता/ चाडपर्व खर्च | २००००००। | १४४५०५१।=० | |

# विषय :आ.व ०७७/०७८ को वार्षिक लाभान्वित सेवाग्राहीको अवस्था सम्बन्धमा।

| क.सं. | कार्यक्रम | लाभान्वित सेवाग्राही | कै |
|---|---|---|---|
| १ | जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्धक कार्यक्रम | २०८ जना | |
| २ | पंचकर्म / पुर्वकर्म(स्नेहन,स्वेदन) | ९७ जना | |
| ३ | स्तनपायी आमाको लागि मातृशिशु सुरक्षार्थ कार्यक्रम | ३८ जना | |
| ४ | ओ.पी.डी. सहितको जम्मा लाभान्वित संख्या(असार मसान्त सम्म मात्र। | २४३१ जना | |
| | पुरुष:-१०२३ जना र महिला:-१४०८ जना | | |

# विषय :आ.व ०७८/०७९ को वार्षिक योजना तथा कार्यक्रम सम्बन्धमा

| क्र.सं | कार्यक्रम | रकम रु. | कै |
|---|---|---|---|
| १ | अत्यावश्यक आयुर्वेद औषधी खरिद | ६००००० | |
| २ | जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्धक कार्यक्रम | १००००० | |
| ३ | पंचकर्म/पुर्वकर्म(स्नेहन,स्वेदन) | ९५००० | |
| ४ | स्तनपायी आमाको लागि मातृशिशु सुरक्षार्थ कार्यक्रम | ८५००० | |
| ५ | नागरिक आरोग्य सेवा क्लिनिक | १००००० | |
| ६ | कार्यालय संचालन,संचार,विधुत,पानी,मसलन्द तथा अन्य विविध | १५८००० | |
| ७ | धन्वन्तरी जयन्ती,राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवस | १२००० | |
| ८ | फर्निचर खरिद | ३०००० | |
| ९ | स्वास्थ्य संग सम्बन्धित उपकरण खरिद | १५००० | |
| १० | शिरोधारा,पंचकर्म | ५००० | |
| ११ | कर्मचारी तलब भत्ता/महगी भत्ता/चाडपर्व खर्च | २०००००० | |
| | जम्मा रु. | ३२००००० | |

# आ.व ०७८/०७९ हाल सम्मको प्रगति

- साउन र भदौ महिनाको जम्मा विरामी संख्या :- ४१९
- पुरुष संख्या :-१७७ महिला :-२४२
- औषधि खरिद आशय पत्रको सूचना निकाल्ने अवस्थामा रहेको ।

| S.n | Particulars | 2075/076 | 2076/077 | 2077/078 |
|---|---|---|---|---|
| 1 | OPD patients | 1948 | 1801 | 2431 |
| 2 | Lactating mother | | 20 | 38 |
| 3 | Geriatric | | 134 | 208 |
| 4 | Purvakarma | | 63 | 97 |

# स्वास्थ्य भौतिक पूर्वाधारको अवस्था

| विवरण | भएको | नभएको |
|---|---|---|
| आफ्नै जग्गा भएका स्वास्थ्य संस्था संख्या | ६ | १ |
| स्वास्थ्य संस्थाको आफ्नै भवन भएका स्वास्थ्य संस्था संख्या | ६ | १ |
| निर्धारित मापदण्ड अनुसारका भवन भएका स्वास्थ्य संस्था संख्या | ६ | १ |
| सेवाग्राही र सेवा प्रदायकको लागि छुट्टै शौचालय भएका स्वास्थ्य संस्था संख्या | २ | ५ |
| सुरक्षित खानेपानीको नियमित उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | ७ | १ |
| टेलिफोनको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | १ | ६ |
| बिद्धुतको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | ७ | 0 |
| सोलार ब्याकअप जडान भएका स्वास्थ्य संस्था संख्या | 0 | ७ |
| कम्प्युटर वा ल्यापटप भएका स्वास्थ्य संस्था | २ | ५ |
| इण्टरनेट सुविधा भएका स्वास्थ्य संस्था संख्या | ७ | ० |
| एम्बुलेन्स सेवाको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | १ | ६ |
| प्लासेण्टा पीट भएका स्वास्थ्य संस्था संख्या | २ | ५ |
| कर्मचारी आवास भएका स्वास्थ्य संस्था संख्या | २ | ५ |
| मोटरबाटो पुगेका स्वास्थ्य संस्था संख्या | ७ | ० |
| स्ट्रेचर उपलब्ध भएका वडा संख्या | ७ | ० |

# कोभिड-१९

| सि. नं. | स्वास्थ्य संस्थाको नाम | जम्मा परिक्षण सख्या | जम्मा PCR परिक्षण सख्या | जम्मा Antigen परिक्षण सख्या | जम्मा कोभिड-१९ पोजिटिभ संख्या | निको भएका | सक्रिय सक्रमित | मृत्यू संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ८४२ | २२० | ६२२ | २५३ | 23३ | १६ | ४ |
| आ.व. २०७७/७८ मा कोभिड व्यवस्थापनमा भएको जम्मा खर्च = १९,७३,२८९ | | | | | | | | |

# कोभिड-१९

**Khabarpunja**
11 May •

हाल गाउँपालिकामा एउटा मात्र एम्बुलेन्स रहेको र सर्वसाधारणको सहजताका लागि गाउँपालिकाको गाडीलाई एम्बुलेन्स बनाइएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो ।




KHABARPUNJA.COM
**बन्दीपुरको गाडी एम्बुलेन्स बनाइयो**

## कोरोना सङ्क्रमितका आँगनमा जनप्रतिनिधि



कोरोना सङ्क्रमितका घरआँगनमा स्थानीय जनप्रतिनिधि ।

- तनहुँ समाचारदाता

तनहुँ, जेठ ७ गते। कोरोना सङ्क्रमितको आत्मबल बढाउन तनहुँका जनप्रतिनिधि स्वास्थ्यकर्मीसहित घरदैलोमा पुग्न थालेका छन्। समुदायमा बढ्दो कोरोना सङ्क्रमण र मृत्युले गर्दा नागरिकमा त्रासको वातावरण सिर्जना भएपछि स्वास्थ्य जाँच तथा परामर्श दिन जनप्रतिनिधि घर-घरमा खट्न थाल्नुभएको हो।

जिल्लाको बन्दीपुर गाउँपालिका, देवघाट गाउँपालिका र शुक्लागण्डकी नगरपालिका-८ का जनप्रतिनिधि सङ्क्रमितको घरदैलोमा पुगिरहनुभएको छ। वडामा हाल सक्रिय सङ्क्रमितमध्ये होम आइसोलेसनमा रहेका सङ्क्रमितलाई स्वास्थ्यकर्मीसहितको टोलीले भेट गरी हौसला प्रदान गरिरहेको शुक्लागण्डकी नगरपालिका-८ का वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो। भेटपछि आत्मविश्वास बढेको पाइएकाले खुसी बनाएको वडाध्यक्ष रेग्मीले बताउनुभयो। वडाध्यक्ष रेग्मीका अनुसार १४ जना स्वास्थ्य स्वयंसेवक नियुक्त गरेर घर घरमा थर्मोमिटर, अक्सिमिटर लिएर अक्सिजन लेभल र पल्स नाप्न थालिएको छ भने [illegible] डराएर रोग लुकाएर घरमा नै बस्नेलाई परामर्श दिन थालिएको छ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापा, उपप्रमुख करुणा गुरुङ, प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदी, स्वास्थ्य शाखाका प्रमुख अजित भट्टराईसहितको टोलीले कोरोना पोजेटिभ पुष्टि भई होम आइसोलेसनमा बस्दै आएका सङ्क्रमितको घरदैलोमा पुगिरहनुभएको छ। घरदैलोमा पुग्ने क्रममा महामारीका समयमा सरकारले लागू गरेका स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर नबस्नेलाई सम्झाएर घरमै बस्न आग्रह गरिएको बन्दीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो।

गाउँपालिकाको वडा नं ३ रामकोटका १८ र वडा नं ४ धारापानीका नौ जना गरी २७ जना कोरोना सङ्क्रमित भेटघाट गरी सान्त्वना दिनुको साथै सुरक्षित भएर रहन आग्रह गरिएको गाउँपालिकाले जनाएको छ।

स्वास्थ्य सामग्रीसहित गाउँपालिका देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापा, देवघाट ४ नम्बर वडाध्यक्ष पालबहादुर गुरुङ, स्वास्थ्य प्रमुख प्रदीप चुडाथोकीलगायतको टोली वडा नम्बर ४ मा कोरोना भाइरस सङ्क्रमित बिरामीको घरदैलोमा पुगेर वस्तुस्थिति बुझिरहेको छ। देवघाटवासीलाई सुरक्षित राख्न विभिन्न प्रवेश नाकामा अनावश्यक रूपमा आवतजावत गर्ने मानिसलाई निगरानीमा राखी सुरक्षामा कडाइ गरेको गाउँपालिकाले जनाएको छ।

वडाध्यक्ष गुरुङले गाउँपालिकाभित्र पाँचवटा वडामध्ये वडानम्बर ४ नम्बर वडाभित्र पर्यटकीय देवघाटधाम रहेको हुनाले तीर्थालुहरू आवतजावत हुने सम्भावित प्रवेश मुख्य नाकाहरू पर्ने वडा भित्र रहेको हुनाले वडामा भित्रिने मानिसहरूका बारेमा सूक्ष्म अध्ययन गरिएको जानकारी दिनुभयो।

### अक्सिजन सिलिन्डर प्रदान

- गल्कोट समाचारदाता

*बागलुङ, जेठ ७ गते। एभरेस्ट बैंकको बागलुङ शाखाले धौलागिरि अस्पताललाई दस थान अक्सिजन सिलिन्डर प्रदान गरेको छ। कोरोना सङ्क्रमणका जटिल सङ्क्रमितलाई अक्सिजनको अभाव हुन थालेपछि उपचारमा सहजता प्रदान गर्ने उद्देश्यले नयाँ सिलिन्डर खरिद गरेर अस्पताललाई प्रदान गरेको हो।*

*बैंकले दुई लाख ७० हजार रुपैयाँ मूल्यका सिलिन्डर उपलब्ध गराएको अस्पताल विकास समितिका अध्यक्ष केबी रानामगरले जानकारी दिनुभयो। धौलागिरि अस्पतालमा कोरोनाका जटिल सङ्क्रमितलाई हाइफ्लो अक्सिजन चलाउनुपर्ने हुँदा सिलिन्डरको अभाव हुन थालेको छ। सिलिन्डर अभावमा अक्सिजन अभाव भएको सूचना प्राप्त गरेपछि सामाजिक उत्तरदायित्वअन्तर्गत अस्पताललाई सहयोग गरेको एभरेस्ट बैंकका शाखा प्रबन्धक सुजित भवालीले बताउनुभयो।*

घरदैलो अभियानमा सामान्य औषधि र स्वास्थ्य सामग्री प्रदान गरिएको गाउँपालिकाले जनाएको छ।



## कोरोना संक्रमित बोक्दै गाउँपालिका अध्यक्ष

*सविन लामिछाने*
दमौली, २६ जेठ



बन्दीपुर गाउँपालिका वडा ४ का एक दम्पतीलाई २ दिनअघि कोरोना पुष्टि भयो । संक्रमणपछि उनीहरु होम आइसोलेसनमै बस्न थाले । तर बुधबार श्वासप्रश्वासमा समस्या भयो । छट्पटाउन थाले । दम्पतीका परिवार र छिमेकी आत्तिए । गाउँमा एम्बुलेन्स खोज्दा भेटिएन । अस्पताल दौडाउन गाडीको बन्दोबस्ती गर्नुपर्ने देखियो । केही समयमै घर अगाडि ग २ च ४२४ नं. को निजी गाडी टुप्लुक्क आइपुग्यो । गाडीको ड्राइभर सिटमा थिए-गाउँपालिका अध्यक्ष पूर्णसिं थापा ।

सबैजना छक्क परे । गाउँपालिका अध्यक्षले दुवै दम्पतीलाई गाडीमा बस्न आग्रह गरे र तत्काल बन्दीपुर अस्पतालसम्म पुऱ्याए ।

एक स्थानीयले भने, 'अध्यक्षज्यूले नै गाडी ल्याउनुभएछ । बोकेर लैजान पनि हामी आफैलाई संक्रमण हुने कि भन्ने डर थियो । गाउँलले अध्यक्षज्यूलाई फोन गरेछन् । दुवैलाई बचाउन सफल भइयो ।'

जनप्रतिनिधि चढ्दै आएको गाडी गाउँपालिकाले एम्बुलेन्सको रुपमा प्रयोग गरेको थियो । तर उक्त गाडी स्वाब लिएर पोखरा पुगेको थाहा पाएपछि आफू लिन भएको अध्यक्ष थापाले बताए । उनले भने, 'अरु एम्बुलेन्स खोज्नुभन्दा आफ्नै गाडी आफैंले चलाएर दुवैलाई अस्पतालमा भर्ना गराएको हुँ ।'

> गाउँपालिकाले जनप्रतिनिधि चढ्दै आएको गाडी एम्बुलेन्सको रुपमा प्रयोग गरेको छ

गाउँपालिकाले एम्बुलेन्स खरिद प्रक्रिया अगाडि बढाए पनि ढिलाइ भएपछि जनप्रतिनिधि चढ्दै आएको गाडी नै कोरोना महामारीको बेला सर्वसाधारणको सेवामा लगाइएको हो । गाउँपालिकाले अघिल्लो वर्ष तयार पारेको पूर्वाधारले गर्दा यसपटक कोभिडका बिरामीलाई उपचार गराउन सजिलो भएको बताउँछन्, वडाध्यक्ष थापा । थप जटिल हुन नदिन र संक्रमण रोकथामका लागि टोलटोलमा परीक्षण सुरु भइसकेको उनले सुनाए । 'शंकास्पद बिरामीको घरघर पुगेर परीक्षण थालेका छौं । यसमा सबै जनप्रतिनिधि खटिएका छन्,' उनले भने, 'कति चाहिँ डरले परीक्षण गराउन निस्किँदैनन् ।'

यो समय अरुलाई खटाएर आफू सुरक्षित बस्ने समय नभएको उनको भनाइ छ । अध्यक्ष थापाले भने, 'अरुलाई खटाएर आफू सुरक्षित बस्ने समय यो हैन । निर्वाचित जनप्रतिनिधि भएपछि जनताको सेवामा लाग्नुपर्छ,' उनले थपे, 'अहिले अन्य कुरामा भन्दा आफ्ना नागरिक बचाउन आफैं लाग्ने हो ।' साथै होम आइसोलेसनका संक्रमितको अवस्था बुझ्न गाउँपालिकाले घरदैलो अभियान पनि जारी राखेको छ ।

# आ.व. २०७७।०७८ को राजस्व सम्बन्धि समष्टिगत बिबरण

| वडा नं. | राजस्व रकम |
|---|---|
| 1 | ४०,४४,६५०.९२ |
| 2 | ११,०७,२०५ |
| 3 | ९,८८,९२४ |
| 4 | २९,०८,६७५.५४ |
| 5 | १५,१०,८६२ |
| 6 | ७,९६,५११ |
| गा.पा.बाट | २२,७४,१४४.२ |
| फोहरमैला शुल्क | ३,५२,६५० |
| नदीजन्य पदार्थबाट | २०,४४,११५ |
| कूल जम्मा | १,६०,२७,७३७.६६ |

# आ. व. २०७७/०७८ को सिफारिस सम्बन्धी विवरण

| क.स. | विवरण | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | २०७८ वैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | ७. | १. | ३. | १. | ५. | ७. | ४. | १०. | १०. | ०. | १. | १. | ५०. |
| २ | विद्युत सिफारिस | ३. | २. | ३. | ५. | ६. | ७. | ४. | ३. | ८. | ०. | २. | ०. | ४३. |
| ३ | चार किल्ला सिफारिस | २३. | १२. | २०. | १२. | ३०. | २५. | २४. | २८. | २६. | ०. | ०. | २. | २०२. |
| ४ | मालपोत सिफारिस | २. | २. | ३. | ३. | १९. | ९. | १६. | १३. | ९. | ०. | ०. | ०. | ७६. |
| ५ | घर बाटो सिफारिस | ४. | ० | १. | २. | १४. | १३. | १४. | ५. | २१. | ०. | ०. | ३. | ७७. |
| ६ | नाता प्रमाणित | ५. | २. | ६. | १. | ४. | ७. | ६. | ६. | १२. | १. | ०. | ०. | ५०. |
| ७ | आय श्रोत प्रमाणित | २. | १. | २. | १. | ५. | २. | १. | २. | ६. | ०. | ०. | ०. | २२. |
| ८ | अन्य सिफारिस | ५०. | ४९. | ५१. | ३५. | २९. | ११६. | ४३८. | ५२२. | १२७. | ३१. | २४. | ५९. | १५३१. |
| ९ | नागरिकता सिफारिस | ३. | ० | १. | ६. | १९. | १२. | १३. | ५. | ७. | २. | ०. | ०. | ६८. |
| १० | नागरिकता प्रतिलिपी सिफारिस | ० | ० | ० | १. | ६. | २. | ७. | ७. | १. | २. | ०. | ०. | २६. |

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

*नीति तथा कार्यक्रम*

*गाउँसभामा प्रश्तुत मितिः २०७८ असार १० गते*

*गाउँसभाबाट पारित मितिः २०७८ असार १० गते*

*बजेट*

*गाउँसभामा प्रश्तुत मितिः २०७८ असार १० गते*

*गाउँसभाबाट पारित मितिः २०७८ असार २५ गते*

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

| | |
|---|---|
| संघीय सरकार | ३०,६६,००,००० |
| समानिकरण अनुदान | ९,४२,००,००० |
| शसर्त अनुदान चालु | १६,४४,००,००० |
| शसर्त अनुदान पुँजीगत | २,३१,००,००० |
| विषेश अनुदान पुँजीगत | २,४९,००,००० |
| प्रदेश सरकार | २,०५,३१,००० |
| समानिकरण अनुदान | १,०५,३१,००० |
| विषेश अनुदान पुँजीगत | ५०,००,००० |
| समपुरक अनुदान पुँजीगत | ५०,००,००० |
| राजस्व बाडफाड | ७,४४,२३,००० |
| अन्तरिक श्रोत(आन्तरिक राजश्व, बैंक मौज्दात र नगद मौज्दात) | १३,१०,९८,४४८.६५ |
| जन सहभागिता | २०,००,००० |
| जम्मा | ५३,४६,५२,४४८.६५ |

चालू तर्फः (५६.७%)

रू. ३०,३१,३९,१५०.७४

पूँजीगत तर्फः (४३.३%)

रू. २३,१५,१३,२९७.९१

सामाजिक सुरक्षा भत्ता रकम

रू. १२,००,००,०००

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**कोरोना संक्रमण रोकथाम तथा स्वास्थ्यः-**

- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषम - रु २० लाख
- बन्दीपुर अस्पतालको सेवा सुदृढीकरण, बिपन्न नागरिक उपचार खर्च, अस्पतालमा विपन्न विरामी खाना कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।
- स्वास्थ्य संस्थामा निशुल्क औषधि – २६ लाख
- नागरिकको दैलोमा बिशेषज्ञ सेवा –
- डायलसिस विरामी आर्थिक सहायता – २ लाख
- एम्बुलेन्स-२ – २६ लाख

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**कृषि तथा पशु**

- **कृषकहरूलाई ५०% अनुदानमा कृषि मेशिनरी तथा औजार वितरण – १० लाख**
- **एक हल गोरू एक थान हलो कार्यक्रम – १४ लाख**
- **भेटेरीनरी  औषधि – ७ लाख, उपकरण – ३ लाख, पशु खोप – १ लाख**
- **साना सिचाई कार्यक्रम** – ७ लाख
- कृषि तर्फका लागत सहभागिता – २० लाख, तरकारी खाद्यान्न, बीउमा अनुदान – ७ लाख
- **गाउँपालिका उत्कृष्ठ कृषक पुरस्कार** – १ लाख
- **प्रति लिटर दुध उत्पादनमा १ रुपैयाँ अनुदान** -१५ लाख
- **कोल्ड स्टोर** स्थापना - ८३ लाख
- पोर्टेवल कोल्ड स्टोरेज च्याम्बर निर्माण - रु २२ लाख
- बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता तथा विस्तार कार्यक्रम -  रु २२ लाख
- सुन्तलाजातका फलफुलको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम - रु १२ लाख
- **रैथाने बाली प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम)** - रु १३ लाख

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**उद्योग, वाणिज्य र रोजगारी:-**

- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) - ३३ लाख
- वडा नं. १ स्थित निर्माणाधीन **उद्योग ग्राम**को निर्माण कार्यलाई निरन्तरता - रु ९२ लाख
- "**व्यवसायी हीत कोष**" स्थापना – १०००००।– (कुल व्यवसाय करको ५% रकम **व्यवसायी हित कोष**मा जम्मा गरिने)
- उद्योग वाणिज्य संघ – ३ लाख ५० हजार
- प्रधानमन्त्री रोजगार कार्यक्रम - ४८ लाख

**पर्यटन/ सहकारी:-**

- मणि मुकुन्देश्वरी पर्खाल (मिनि ग्रेट वाल) को निर्माण - ५ करोड (नेपाल सरकार- ३करोड ५० लाख गाउँपालिका-१ करोड ५० लाख मध्ये यो आ.व. मा ७५ लाख)
- टुँडिखेलमा सिसाको भ्युटावर (स्काईवाक) निर्माण - रु. ७५ लाख,
- जनप्रतिनिधि पार्क निर्माणलाई निरन्तरता - रु १० लाख रकम विनियोजन गरिएको छ।
- पर्यटन सूचना केन्द्र – १० लाख

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**शिक्षा तथा खेलकुदः-**

- दिवा खाजा कार्यक्रम - रु ४७ लाख ६ हजार
- अपांगता भएका र आर्थिक रुपले विपन्न परिवार एवं दलित विद्यार्थिलाई छात्रवृत्ति - रु ८ लाख २९ हजार
- नमूना विद्यालय (पवित्रा मा.वि.) को क्रमागत भवन निर्माण तथा प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन - १ करोड ५० लाख
- छात्राहरूलाई स्यानिटरी प्याड वितरण - रु १० लाख ७ हजार
- गाउँ शिक्षा योजना निर्माण – ३ लाख
- स्थानीय पाठ्यक्रम निर्माण – ४ लाख
- प्रारम्भिक बाल विकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको नेपाल सरकारले निर्धारण गरेबमोजिम न्यूनतम पारिश्रमिक मासिक रु १५ हजार पुर्याउन - रु ६१ लाख ८८ हजार
- इन्जिनियरिङ अध्ययन छात्रवृत्ति (प्रत्येक बर्ष २ इन्जिनियर) – ८ लाख

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**खानेपानी तथा सरसफाई:-**

- भुमर्से बोरिंग खानेपानी आयोजना - रु ५० लाख,
- बांगे सिमल खानेपानी आयोजना - रु ८४ लाख रकम विनियोजन गरिएको छ।

**स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल:-**

- डुम्रे बन्दीपुर सडकको स्तरोन्नतीको लागि - रू २ करोड १३ लाख
- शेराटार खुदी खोला झोलुङ्गे पुल, चुँदी खोला झोलुङ्गे पुल, भुकभुके खोला झोलुङ्गे पुल, बयरखोला ट्रेल वृज, खहरे खोला झोलुङ्गे पुल - रु ३३ लाख

**भवन तथा सहरी विकास:-**

- **“अध्यक्ष सँग आवास कार्यक्रम"** – १२ लाख
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १९१ घरधुरीका लागि - ३६ लाख

**उर्जा, लघु तथा साना जलविद्युत:-**

- नवीकरणीय उर्जा प्रविधि (वायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) जडानमा अनुदान - रु ८ लाख

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण/ ज्येष्ठ नागरिक**

- "**अध्यक्ष संग बालबालिका कार्यक्रम**" - १ लाख
- "ग" बर्गका अपाङ्गहरुलाई बार्षिक जनहि रु ६ हजार प्रोत्साहन भत्ता वितरण - रु ३ लाख
- बन्दीपुर गाउँपालिकाको न्यायीक समितिको क्षमता सुदृढीकरणका – १० लाख
- बिपन्न नागरिक, दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक जस्ता लक्षित वर्ग क्षेत्र तथा समुदायका लागि कार्यक्रम संञ्चालन गर्न बजेट बिनियोजन गरिएको छ ।
- उपाध्यक्षसंग महिला कार्यक्रम – १० लाख
- भुजेल तथा सिमान्तकृत बालबालिका लक्षित छात्रवृत्ति – ३ लाख
- बालविवाह बालश्रम न्यूनीकरण कार्यक्रम – ३ लाख
- लक्षित वर्ग कार्यक्रम – १५ लाख
- वृद्धवृद्धा , जेष्ठ नागरिकको लागि न्यानो लुगा – ९ लाख ५० हजार

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम एवमं बजेटको सारांश

**वातावरण तथा विपद् व्यवस्थापनः-**

- आधुनिक ल्याण्डफिल्ड क्षेत्र निर्माण - रु १ करोड ६६ लाख रकम विनियोजन गरिएको छ ।
- विपद् कोष – ३० लाख

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनः-**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीका लागि तालिम र जनप्रतिनिधिहरुका लागि अभिमुखीकरण कार्यक्रम - रु १ लाख १४ हजार
- राजश्व सुधार कार्यक्रम – ३ लाख
- **उत्कृष्ट कर्मचारी पुरस्कार** प्रदान गर्ने नीति ।
- **गाउँपालिका नमूना वडा पुरस्कार** प्रदान गर्ने नीति ।

# गाउँपालिकाको असल अभ्यास

## बन्दीपुरलाई संरक्षण क्षेत्र घोषणा

- स्थानीय पूर्वाधार ऐन, २०७५ ले गाउँपालिकाको भित्रि चक्रपथ (३ कि.मि.) र सो वरपरको ५०० मिटर क्षेत्रलाई ऐतिहासिक, मौलिक वास्तुकला संरक्षणको लागि संरक्षित क्षेत्र तोकेको ।
- यस क्षेत्र भित्रका घरहरूमा सटर राख्न नपाईने, अगाडिका झ्याल-ढोकाहरू वास्तुकला झल्कने गरि काठको हुनुपर्ने, रेलिङ काठको मात्र राख्न पाईने ।
- अगाडिको भागको गाह्रो इट्टाको हुनुपर्ने र प्लाष्टर गर्न नपाईने, घरमा छानोको अगाडिको स्लोप ४० प्रतिशत हुनुपर्ने ।
- भित्री चक्रपथ भित्र चारपाङ्ग्रे सवारी साधन निशेध, सडक पिच नगरि ढुंगा विच्छयाइएको ।




# सम्पादित उल्लेखनीय कार्यहरु



**बन्दीपुर चक्रपथ**

**भित्री चक्रपथ ३ कि.मी. र बाहिरी चक्रपथ ५० कि.मी. track निर्माण**

# गुरुयोजना विमोचन


बन्दीपुर गाउँपालिका
एकीकृत विकास गुरुयोजना
Integrated Development Master Plan of Bandipur Gaupalika
२०७८-२०९८



# सम्पादित उल्लेखनीय कार्यहरु





प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निर्मित ५ कि.मी. बन्दीपुर रामकोट साइकल लेन

# उल्लेखनीय कार्यहरु




निर्माणाधीन मणि मुकुन्देश्वरी पर्खाल (मिनि ग्रेट वाल)

# पशुपंक्षी विकास शाखा (वडा-१) भवन उद्धाटन












# कुकुर्दी आधारभुत स्वास्थ्य सेवा केन्द्र (वडा-२) भवन उद्घाटन








# १ नं. वडा कार्यालय भवन उद्घाटन












# कल्चोक आधारभुत स्वास्थ्य केन्द्र (वडा नं. -५ ) उद्घाटन








# नागरिकको दैलोमा निशुल्क स्वास्थ्य परीक्षण सेवा






# निर्माणाधीन बन्दीपुर- शेराटार मार्ग







# विपद् व्यवस्थापन

## कोभिड-१९




## बाढि पहिरो



# प्रमुख उपलब्धहरु: स्थानीय तह संस्थागत क्षमता स्वमुल्याकन (LISA)

- आ.व. २०७६/७७ मा ६५%
- तनहुँ जिलाभरिमा तेस्रो स्थानमा र गण्डकी प्रदेशमा २१औं स्थानमा पर्न सफल
- ऐन, नियमावली र कार्यविधि - ७३ वटा

**अन्त्यममा,**

**स्थानीय सरकार = CABLE सरकार**

- C= Connected, Control: जनता र राज्य एवं सरकारको पुल हो । जनतालाई सरकार तथा सरकारले उत्पादन गरेका बस्तु , सेवा तथा अबसरहरुलाई जनता सम्म पुर्याउने माध्याम हो ।
- A= Administration= स्थानिय, नियमन, बिकास, सेवा प्रवाह गर्ने तथा स्थानीय सबलिकरण गर्ने उत्कृष्ट संयन्त्र हो ।
- B= Basic Government = वास्तविक सरकार हो, जननिकटस्थ सरकार हो , जनताको इच्छा, चहाना, आकांक्षा, सोच र खोजलाई सम्बोधन गर्ने संयन्त्र हो।
- L = Legitimacy, Localization= जनताबाट प्रत्यक्ष रुपमा चुनिएर जनताको पक्षमा काम गरि जनस्वीकार्यता प्राप्त गर्ने शासकीय प्रबन्ध हो । विश्वका असल अभ्यासलाई तथा बिकासका एजेन्डा लाई स्थानियस्तरमा प्रबहिकरण गर्ने माध्यम हो ।
- E = Ethics, Empowerment = सामाजिक बिबाद तथा द्वन्द समाधान गर्ने बैधानिक संयन्त्र हो । समाजका कमजोर वर्ग, क्षेत्र तथा समुदाय लाई सवलिकरण र सशक्तीकरण गर्ने, सुशासन एवं सामाजिक न्याय कायम गर्ने माध्यम हो ।
- त्यसैले स्थानीय सरकारलाई प्रभावकारी बनाउन हामी आम नागरिक, पत्रकार, नागरिक समाज, सवै राजनैतिक दलको सार्थक र रचनात्मक भुमिका अपरिहार्य रहन्छ ।

# धन्यवाद !